# विकास आयोजना तथा परियोजनाहरु

**विद्युत**

- आ.व.०७४/०७५ को नीति तथा कार्यक्रम अनुसार यस सरुमारानी गाउँपालिकाको सबै क्षेत्रमा विद्युतिकरणको व्यवस्या गरी उज्यालो गाउँपालिका घोषणा  गरिने छ।
- विद्युत  लाईन विस्तार गर्न सम्भव नभएका ठाँउहरुमा सौर्य उर्जाको व्यवस्था गरिने छ।

**सडक**

- आगामी आ.व.भित्र  सबै वडाको वडा केन्द्रसम्म बाह्रै महिना यातायात संचालनकोलागि सडक पूर्वाधार तयार गरिने छ।
- आगामी तिन बर्षभित्र सबै गाउँ टोलहरुलाई सडक सञ्जालमा जोडिनेछ।
- झोलुंगे पुल तथा अन्य पुलपुलेसा निर्माणका लागि आवश्यक पहल गरिनेछ।

**संचार**

- गाँउपालिकाका केहि क्षेत्रहरुमा नेटवर्कको कमी देखिएकोले सेवा प्रदायक संस्थाहरुसंग समन्वय गरि नेटवर्क विस्तारको लागि पहल गरिने छ।

**शिक्षा**

- शिक्षा ऐन २०७५ कार्यपालिकाबाट स्विकृत गरि गाँउसभाबाट पारित गरि लागु गरिने छ।
- शिक्षालाई गुणस्तरिय बनाउन गुणस्तर सम्वन्धि आवश्यक निति तथा मापदण्ड निर्माण गरी निर्देशिका जारी गरि कार्यान्वयन गरिनेछ।
- प्राविधिक तथा व्यावसायीक शिक्षा प्रदान गर्ने विद्यालयलाई अनुदान सहयोग दिईने छ।

**स्वास्थ्य**

- स्वास्थ्य क्षेत्रमा देखिएको असुविधालाई ध्यानमा राखी आवश्यक क्षेत्रमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरिनेछ ,
- थप एक वटा एम्वुलेन्स संचालनको लागि सहयोगी निकायसंग पहल गरिने छ।
- २०७६ सम्ममा पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने निति अनुरुप योजनावद्धरुपमा कार्य अगाडी वढाईने छ।

**लागुऔषध तथा फोहोर व्यवस्थापन**

- यस क्षेत्रको फोहोर व्यवस्थापन गर्न डम्पिङ साइटको निर्माण गरिसकिएकोले संचालनमा ल्याइने छ ।
- सुर्तिजन्य तथा मदिराजन्य पदार्थ नियन्त्रणका लागी आवश्यक निति तथा मापदण्ड वनाई लागु गरिने छ

**स्थानीय वजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

- व्यापारीक क्षेत्र पहिचान गरी गाउँपालिकाले हाटवजार संचालन तथा व्यवस्थापन गरिनेछ ।
- स्थानीय व्यापार व्यावसायलाई करको दायरामा ल्याउन आवश्यक निति, कानून,तथा मापदण्ड बनाई लागु गरिनेछ ।
- स्थानीय वजारमा संचालनमा रहेका व्यापारी तथा व्यावसायिक होटलहरुले मुल्यसुचि राख्नुपर्ने व्यवस्था लागु गरिनेछ ।
- वातावरण संरक्षणको लागि जनचेतनामूलक अभियान संचालन गरिने छ ।

**स्थानीय सडक, सिचाई, ग्रामिण सडक**

- साना सिचाई तथा ग्रामिण सडकलाई आवश्यक्ताको आधारमा प्राथामिकता दिईने छ ।
- सरुमारानी गाउँपालिका क्षेत्र भित्र रहेका सुख्खा क्षेत्रहरुको पहिचान गरी वैकल्पिक सिंचाईका निम्ती आवश्यक पहल गरिने छ ।

**भूमि व्यवस्थापन घरजग्गा पुर्जा वितरण**

- केन्द्र र प्रादेशिक कानुनको अधिनमा रहि ऐलानीमा पर्ने जग्गामा लामो समयदेखि भोगचलन गर्दै आएको अव्यवस्थित बसोवासलाई व्यवस्थित गरिने छ ।
- जग्गा खण्डिकरण गरी विना स्वीकृत प्लानिङ्ग गर्ने कार्यलाई कानुनी दायरामा ल्याइने छ ।
- भूमिहिन सुकुम्बासिको पहिचानको निमित्त तथ्याङ्क संकलन गरिसकिएकोले कानून अनुसार व्यवस्थापनको निमित्त आवश्यक पहल गरिने छ ।

**कृषि, पशुपंक्षि**

- किसान संग गाउँ सरकार नामक कार्यक्रम मार्फत कृषि क्षेत्रलाई रुपान्तरण गर्ने गरि थप योजना बनाईने छ
- व्यावसायिक पशुपालन, माछापालन ,जडीबुटी, कुखुरापालन, फलफुलखेति, माछापालन र तरकारी खेति गर्ने युवाहरुलाई तालीम तथा अनुदानको व्यवस्था गरी कृषि क्षेत्रलाई आम्दानी तथा उत्पादनमुलक वनाई स्वरोजगारमुखी वनाइने छ ।

**जेष्ठ नागरीक,अपाङ्गता र असक्तहरुको व्यवस्था**

- जेष्ठ नागरीक, अपाङ्गता र असक्तहरुको पहिचान गरी सम्मान , सहयोग तथा सशक्तिकरणको विशेष कार्यक्रम ल्याईने छ ।

**वेरोजगार**

- वेरोजगारी समस्या हल गर्न शिप विकास कार्यक्रममा जोड दिई उद्यमशिलताको प्रवर्द्धन गरिने छ ।

**खानेपानी जलविद्युत**

- स्वस्थ जीवनको लागि स्वच्छ खानेपानी भन्ने नारालाई सार्थक बनाउन आगामी २ वर्ष भित्र सबै टोल बस्तिमा खानेपानीको सहज आपूर्तिको व्यवस्था मिलाईने छ ।

**विपद व्यवस्थापन**

- चालु आ.व.मा विपद् व्यवस्थापन कोष स्थापना गरीसकिएको सन्दर्भमा आगामी आ.व.मा उक्त कोषको रकम वृद्धि गरीने छ साथै विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

**भाषा, संस्कृति तथा कला**

- यस गाउँपालिका भित्रका सवै भाषा, संस्कृति तथा कलाको संरक्षण र संबर्द्धनको निम्ति आवश्यक कार्यक्रम ल्याईने छ ।
- समाजमा विद्यमान जातिय विभेदको अन्ते गर्न कानुनी एंव सामाजिक चेतनामुलक कार्यक्रम गरिने छ ।

**खेदकुद र पत्रपत्रिका**

- ५ नं प्रदेशको शसर्त अनुदानबा निर्माण गरिने खेलकुद मैदान निर्माण कार्यमा आवश्यक समन्वय गरी कार्यान्वयनमा लैजान सहयोग गरिने छ ।
- खेलकुद क्षेत्रको विकासका लागी खेलमैदान तथा आवश्यक भौतिक संरचना निर्माण गरी खेलकुद प्रशिक्षण र खेल सामाग्रीको व्यवस्था गरी  विभिन्न स्तरमा खेलकुद प्रतियोगिताको आयोजना गरिने छ ।
- गाँउपालिकाको कानुन तथा नीति नियमहरु ,आर्थिक प्रशासनिक , न्यायिक र विकासका गतिविधिहरुलाई पारदर्शी रुपमा जनसमक्ष ल्याउन मिडियामैत्री नीति लिइने छ ।

**पर्यटन**

- यस गाउँपालिका अर्न्तगतको ऐतिहासिक पर्यटकिय गन्तव्य स्थल सरुमारानी सिद्धलेक क्षेत्रको समग्र विकासको निमित्त गुरुयोजना तयार गरी प्रवर्द्धन र बिकास गरिने छ ।
- धार्मिक तथा ऐतिहासिक महत्वका प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गरिने छ ।

**जनशक्ति व्यवस्थापन**

- कर्मचारीको मनोबल उच्चराख्न आवश्यक तालिम , अध्ययन अवलोकन भ्रमण , प्रशिक्षण र प्रोत्साहन जस्ता कार्य अगाडि बढाइनेछ ।
- शिक्षक तथा कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको नीति अवलम्बन गरिने छ ।

**अन्य**

- गाउँपालिकाको कार्यालय भवन निर्माणका लागी आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको आन्तरीक आम्दानी वृद्धि गर्न एकिकृत सम्पत्ती कर लगायतका कर प्रणालि लागु गरिने छ। हाम्रो कर समृद्ध गाउँघर भन्ने मुल नारा सार्थक हुने गरी जनताको कर सदुपयोग हुने सुनिश्चितता गरिने छ ।
- गरिबी निवारणको लागी लघु उद्यम विकास ५ वर्षे रणनीतिक योजना तयार भैसकेकाले सोहि योजना अनुरुप विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- सामुदायिक वन तथा कबुलियती वन लाई व्यवस्थित गर्नको लागी उपयुक्त कार्ययोजनाको निर्माण गरि वन संरक्षण सम्बर्द्धन र सदुपयोगको नीति बनाईने छ । साथै सामुदायिक वनसंग साझेदारी कार्यक्रम मार्फत विकास निर्माणका योजनाहरु संचालन गरिने छ ।
- गैह्र सरकारी संस्थाहरुको परिचालन, अनुगमन, व्यवस्थापन तथा नियमन गरिने छ ।
- महिला तथा बालबालिका लागि लक्षित कार्यक्रमहरु गरिने छ । आगामी २ वर्ष भित्र गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषण गर्ने नीति अनुसार कार्यक्रमहरु संचालन गरिने छ
- वन पैदावारमा आधारित उद्योगको माध्यमबाट रोजगारी र आयआर्जनमा वृद्धि गर्ने नीति बनाईने छ ।
- वन पैदावार निकासीमा न्यून सहयोग संकलन गरी उक्त सहयोगलाई गाउँपालिकाको समग्र विकास र समृद्धिको निमित्त प्रयोग गरिने छ ।
- महिला विकास समिति ,युवा तथा खेलकुद विकास समिति ,दलित उत्थान समिति ,मुस्लिम उत्थान समिति ,आदिवासि तथा जनजाति उत्थान समितिको कार्यादेश -(TOR) माथि आवश्यक छलफल ,परामर्श एवं आवश्यक परिमार्जन गरी सामयिक वनाइने छ ।

## मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

- शिक्षा
- स्वास्थ्य
- पुर्वाधार निर्माण
- पर्यटन
- कृषि क्षेत्रका कार्यक्रम
- पशुपालन कार्यक्रम
- पुर्ण सरसफाई संग सम्वन्धित कार्यक्रम
- जनचेतना मुलक शसक्तिकरण कार्यक्रम
- जेष्ठ नागरीक,अपाङ्ग असक्त,दलित, लैङ्गीक विकास र समावेशी कार्यक्रम
- भाषा, कला, सँस्कृति, प्राकृतिक तथा धार्मिक पुरातात्विक संरक्षण तथा सम्वर्द्धन आदी ।

अनुमानित व्यय र स्रोत व्यवस्थापन

**समग्र आय तथा व्यय तर्फ :**

| शिर्षक | | | आ.व.०७५/०७६को यर्थाथ | आ.व.०७५/०७६को शंशोधित अनुमान | आ.व.०७५/०७६को अनुमान |
|---|---|---|---|---|---|
| आय तर्फ | | | | | |
| अ.ल्या. | | | | | |
| राजस्व | आन्तरिक आम्दानी | | | | ७१,१०,६००/– |
| | राजस्व बाडफाडबाट प्राप्त आय | | | | ५,९४,९२,०००/– |
| | अन्य आय | | | | |
| | नेपाल सरकारबाट प्राप्त | शसर्त अनुदान | | | १०,०२,४०,०००/– |
| | | वित्तिय समानीकरण | | | ६,९८,००,०००/– |
| | | सामाजिक सुरक्षा भत्ता | | | २,६०,००,०००/– |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदेश सरकारबाट प्राप्त | वित्तिय समानीकरण | | | ४०,६४,०००/– |
| | | शसर्त अनुदान | | | ९६,००,०००/– |
| | | राजस्व बाडफाड | | | ३५,७८,०००/– |
| | अन्तर स्थानिय तहबाट प्राप्त | | | | |
| जनसहभागीता | नगद | | | | |
| | वस्तुगत | | | | |
| जम्मा | | | | | २७,९८,८४,६००/– |
| व्यय तर्फ | | | | | |
| चालु खर्च | प्रशासनिक संञ्चालन खर्च | | | | ३,३४,००,०००/– |
| | सामाजिक सुरक्षा | | | | २,६०,००,०००/– |
| | संघिय शसर्त कार्यक्रम | | | | १०,०२,४०,०००/– |
| | प्रदेश शसर्त कार्यक्रम | | | | ९६,००,०००/– |
| | जम्मा | | | | १७,०८,४०,०००/– |
| पुजिगत खर्च | | | | | ११,०६,४४,६००/– |
| जम्मा खर्च | | | | | २७,९८,८४,६००/– |

आ.व २०७५।०७६ को आन्तरीक राजश्व

| आन्तरिक राजश्व | | आ.व.०७५/०७६को यर्थाथ | आ.व.०७५/०७६को संशोधित अनुमान | आ.व.०७५/०७६को अनुमान |
|---|---|---|---|---|
| | एकिकृत सम्पती कर | | | ४८,००,०००।- |
| | घर बहाल कर | | | ३,०००।- |
| | व्यवसाय कर | | | ७,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | जडिवुटि,जिवजन्तु, कवाडी कर | | | ८०,०००।- |
| | सवारी साधन कर | | | ४,०००।- |
| | विज्ञापन कर | | | १०,०००।- |
| | मनोरञ्जन कर | | | ४,०००।- |
| | बहाल विटौरी शुल्क | | | ४,०००।- |
| | पार्किङ्ग शुल्क | | | १,६००।- |
| | सेवा शुल्क दस्तुर | | | १५,००,०००।- |
| | पर्यटन शुल्क | | | ४,०००।- |
| | जम्मा | | | ७१,१०,६००।- |

सरुमारानी गाउँपालिकाको आ.व. २०७५।०७६ को चालु खर्च विवरण

| खर्च संकेत | खर्च शिर्षक | २०७५/०७६ को प्रस्तावित | कैफियत |
|---|---|---|---|
| २११११ | तलव | १३,०००,०००।०० | |
| २१११२ | स्थानीय भत्ता | ५,५०,०००।०० | |
| २१११३ | महंगी भत्ता | २,५०,०००।०० | |
| २१११९ | अन्य भत्ता | ३,०००,०००।०० | |
| २११२१ | पोशाक | ३,००,०००।०० | |
| २११२३ | औषधी उपचार | ००।०० | |
| २२१११ | पानि विजुली | ३,००,०००।०० | |
| २२११२ | संचार महशुल | ७,००,०००।०० | |
| २२१२१ | घर भाडा | ५,००,०००।०० | |
| २२१२२ | अन्य भाडा | ५,००,०००।०० | |
| २२२११ | इन्धन | ९,००,०००।०० | |

| | | | |
|---|---|---|---|
| २२२१२ | संचालन तथा मर्मत संभार | ७,००,०००।०० | |
| २२२१३ | बीमा | १५०,०००।०० | |
| २२३११ | कार्यालय संचालन | २५,००,०००।०० | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ५०,०००।०० | |
| २२४११ | परामर्श सेवा | ५,००,०००।०० | |
| २२४१२ | अन्य सेवा शुल्क | ३१,००,०००।०० | |
| २२५११ | कर्मचारी तालिम | ३,००,०००।०० | |
| २२५१२ | शिविर तथा जनचेतना मुलक गोष्ठि | ४,००,०००।०० | |
| २२६११ | अनुगमन मुल्यांकन | १३,००,०००।०० | |
| २२६१२ | भ्रमण खर्च | २६,००,०००।०० | |
| २२६१३ | वि.व्यक्ति,तथा प्र भमण खर्च | १,००,०००।०० | |
| २२७११ | विविध खर्च | १४,००,०००।०० | |
| २२९११ | भैपरी आउने चालु खर्च | ०।०० | |
| २२७२१ | सभा संचालन खर्च | ०।०० | |
| | सार्वजनिक सुनुवाई | ०।०० | |
| २६४१३ | अन्य संस्थालाई अनुदान सहयोग | ३,००,०००।०० | |
| | जम्मा | ३,३४,००,०००।०० | |

**पुजिगत तर्फको विषयगत बजेट शिर्षक अनुसारको विनियोजनको विवरण**

| सि.नं. | बजेट शिर्षक | प्रतिशत | बजेट रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | आर्थिक विकास | (१५.८०%) | १,७४,८४,०००।- |
| २ | सामाजिक विकास | (४२.२८%) | ४,६७,३४,६००।- |
| ३ | पुर्वाधार विकास | (३२.३०%) | ३,५७,४१,०००।- |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | (४.६०%) | ५०,८५,०००।- |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | (५.०६%) | ५६,००,०००।- |
| | जम्मा | (१००%) | ११,०६,४४,६००।- |